annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२५ पृष्ठ ८ | काठमाडौं, मंगलबार १९ चैत २०८१ | चैत्र शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४५ | TUESDAY, APRIL 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गृह प्रशासन निरीह

## सुरक्षा कमजोरीको लज्जाजनक दिन बन्यो चैत १५, किन ?

**दिनेश गौतम** | *काठमाडौं*

– को रिपोर्ट



चैत १५ गते सुरक्षाकर्मीहरूको घेरा तोड्दै दुर्गा प्रसाईंले चलाएको गाडी बानेश्वरतर्फ बढ्दै ।

समाचार पृष्ठ २

### कहाँ चुक्यो गृह प्रशासन ?

१. आयोजकले गैरराजनीतिक पृष्ठभूमिका र विवादास्पद दुर्गा प्रसाईंलाई प्रदर्शनको कमान्डर सुम्पिँदा गृह प्रशासनले किन निगरानी गर्न सकेन ?

२. पूर्वराजा ज्ञानेन्द्रको सक्रियता बढिरहेको र राप्रपाका वरिष्ठ नेताहरूसहित प्रसाईंको गतिविधिको पलपल सूचना किन संकलन र विश्लेषण गरिएन ?

३. सुरक्षा राडारभित्र रहेको अति संवेदनशील क्षेत्रमा किन प्रदर्शन गर्न दिइयो ?

४. अनुसन्धान विभाग (इन्टेलिजेन्स) ले सूचना संकलन र विश्लेषण गर्न किन सकेन ?

५. सुरक्षा निकायबीच किन प्रभावकारी समन्वय हुन सकेन ?

६. चेन अफ कमान्ड किन प्रभावकारी हुन सकेन ?

७. भीड नियन्त्रणको सिद्धान्तहरूको पालना किन हुन सकेन ?

८. गाडीले किचौंलाझैं गर्दै प्रहरीका घेराहरू तोड्न सफल कमान्डर प्रसाईंलाई किन तत्कालै नियन्त्रणमा लिइएन ?

९. प्रहरी हतियार र साधनविहीन किन हुँदै गयो ?

१०. हिंसात्मक घटनापछि पनि दुर्गा प्रसाईंलाई किन निगरानी गरिएन ?

११. कहाँ रह्यो सुरक्षात्मक ग्याप (सेक्युरिटी ल्याप्सेस)?

१२. जुन किसिमको मञ्च बनाइएको थियो। त्यसको समयमै किन गरिएन निगरानी र विश्लेषण ?

१३. घरमा आगजनी गरिएको र कोठाभित्र बन्धक अवस्थामा रहेका पत्रकार रहेको सूचनामा किन तत्काले उद्धार हुन सकेन ?

१४. दुर्गा प्रसाईंलाई पक्रने सक्रियता साँझमा मात्र किन देखाइयो ? रातभरमा किन समातिएन ? भागेर नाका कट्न कसरी सम्भव भयो ?

१५. अन्नपूर्णलगायत मिडिया हाउसमा आक्रमण र आगजनी गर्न पाउने परिस्थिति कसरी बन्यो ?

१६. सार्वजनिक र निजी पूर्वाधारमा आगो लगाउने अवसर प्रदर्शनकारीले कसरी पाए ?

## म्यानमारमा मृत्यु हुनेको संख्या २ हजार नाघ्यो



**बैंकक** (एजेन्सी) : म्यानमारमा शुक्रबार गएको शक्तिशाली भूकम्पले कम्तीमा दुई हजारभन्दा बढीको मृत्यु भएपछि देशको सत्तारूढ सैन्य जुन्ताले एक साताको लागि राष्ट्रिय शोक घोषणा गरेको छ। अप्रिल ६ सम्म चल्ने उक्त शोक अवधिमा आधा झण्डा झुकाइने पनि जनाइएको छ।

सहायता समूहहरूले युद्धग्रस्त देशमा मानवीय संकट बिग्रिँदै गएको चेतावनी दिँदै संयुक्त राष्ट्रसंघले ८० लाख डलरको लागि तत्काल अपिल गरेको छ। खाद्यान्न अभाव, ठूलो विस्थापन र गृहयुद्धले ग्रस्त म्यानमारमा भूकम्पले भोकमरी र रोगको प्रकोप बढाउन सक्ने चेतावनीसमेत संयुक्त राष्ट्रसंघले सोमबार दिएको छ। त्यहाँका अस्पतालहरू पूर्ण क्षतिग्रस्त छन्। मृत शरीरहरूको दुर्गन्ध सडकमा फैलिएको बताइएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार त्यहाँको कम्तीमा तीन अस्पतालहरू पूर्ण रूपमा क्षतिग्रस्त छन् भने अन्य २२ वटा आंशिक रूपमा क्षतिग्रस्त भए पनि त्यहाँ कुनै उपचार सम्भव देखिन्न।

विद्यालयहरूमा विद्यार्थीका झोला, किताब र सिकाइ सामग्रीहरू भग्नावशेषमा छरिएका छन्। म्यानमारका सैन्य नेताहरूले अझै पनि चार वर्षदेखि लडिरहेको सशस्त्र प्रतिरोधी समूहविरुद्ध हवाई आक्रमण गरिरहेका छन्। यसले गर्दा पनि त्यहाँको उद्धार र मानवीय सहायतमा समस्या परेको जनाइन्छ।

छिमेकी थाइल्यान्डमा, भूकम्पले गर्दा २० जनाको मृत्यु भएको छ। राजधानी बैंककमा भत्किएको एक अग्लो भवनको भग्नावशेषमुनि फसेका ७४ जना निर्माण क्षेत्रका कामदारहरूको उद्धार प्रयास जारी राखिएको छ। यद्यपि उनीहरू घण्टौंसम्म भग्नावशेषमा गाडिएकाले उनीहरू जिउँदो रहेको संकेत निकै कम रहेको जनाइएको छ।

## तीनकुने हिंसा ज्ञानेन्द्र शाहको उक्साहटमा, उन्मुक्ति हुँदैन : प्रधानमन्त्री

**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले चैत १५ गते तीनकुने क्षेत्रमा भएको हिंसात्मक घटनामा पूर्वराजा ज्ञानेन्द्र शाहले उन्मुक्ति नपाउने बताएका छन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाएको र तीनकुने घटनाबारे प्रतिनिधिसभामा सोमबार जबाफ दिँदै प्रधानमन्त्री ओलीले हिंसात्मक प्रदर्शनको जिम्मा पूर्वराजाले लिनुपर्ने र यस घटनामा उनले पनि उन्मुक्ति नपाउने बताएका छन्।

उनले पूर्वराजा ज्ञानेन्द्र शाहकै उक्साहटमा अराजकता मच्चिएको बताएका हुन्। प्रधानमन्त्री ओलीले अगाडि भने, 'तत्कालीन राजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते आफू 'अघि बढ्ने, साथ देऊ' भन्दै वक्तव्यबाजी गर्नुभयो। त्यसको लगत्तै ठाउँठाउँमा स्वागत कार्यक्रम राख्दै जनमत भड्काउने काम सुरु गरियो। फागुन २५ गते कथित 'स्वागत-सवारी' आयोजना गरियो। र, चैत १४ गते समाज बिथोल्न लागिपरेका एक जना अवाञ्छित व्यक्तिलाई आफ्नै निवासमा डाकेर कथित



जनकमान्डर तोक्नुभयो र हिंसात्मक वारदातका लागि खटाउनु भयो।'

तीनकुनेको आपराधिक घटनामा संलग्न कसैले पनि उन्मुक्ति नपाउने पनि प्रधानमन्त्री ओलीले बताए। उनले भने, 'यसमा तत्कालीन राजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न। फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृंखलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नु पर्दैन ? मानिसलाई मर्नलाई दुरुत्साहन गर्ने जनकमान्डर, इतिहासले कुनामा फ्याँकेका व्यक्ति अभियानका संयोजक, धनजनको क्षति र लुटपाट, शासक बन्ने मनसुवा बोक्ने व्यक्ति सिरकभित्र चुपचाप कसरी बस्न सक्छ ? यी सबै घटनाको मूल जिम्मेवार उहाँ हो, यसको जिम्मेवारी उहाँले लिनुपर्छ।'

प्रधानमन्त्री ओलीले तीनकुनेको प्रदर्शनमा प्रदर्शनकारीहरूले प्रशासनलाई जानकारी गराएअनुसार सभा नगरेको उल्लेख गर्दै सभा वा अरू केही नभई प्रदर्शनमा जनकमान्डर आफैंले हाँकेको गाडी प्रहरीमाथि नै चढाउनेगरी निषेधित क्षेत्र तोडेर दौडाइएको प्रधानमन्त्री ओलीले बताए। उनले भने, 'भीड नियन्त्रण गर्न प्रशासनले गरेको प्रयासका विरुद्ध, प्रहरीको बन्दुक खोस्ने, गुन्डागर्दी र कुटपिट गर्ने, लुटपाट गर्नेजस्ता बारदात सुरु गरियो। हुँदाहुँदा निजी व्यक्तिको घर, सार्वजनिक भवन, सञ्चार गृह, पार्टी कार्यालय, औषधि कारखाना र सवारीका साधनमाथि ढुंगामुढा गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने र डिपार्टमेन्टल स्टोरहरू लुटपाट गर्ने जस्ता आपराधिक घटना सुरु गरियो।'

» बाँकी पृष्ठ ६

## पाँचै अध्यादेशले छिचोले दुवै सदन

**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रपति रामचन्द्र पौडेलले पाँचवटा विधेयक प्रमाणीकरण गरेका छन्। सोमबार उनले नेपालको संविधानको धारा ११३ को उपधारा २ बमोजिम विधेयक पारित गरेको राष्ट्रपति कार्यालय शीतल निवासका प्रवक्ता शैलजा रेग्मी भट्टराईले विज्ञप्तिमार्फत जानकारी दिएकी छन्।

प्रतिनिधिसभाले चैत ४ गते र ६ गते दुई दिनमा पाँचवटा अध्यादेशहरूको प्रतिस्थापन विधेयक पारित गरी राष्ट्रियसभामा पठाएको थियो। तर राष्ट्रियसभामा प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले पहिलोपटक विधेयकमा तीन महले नभएको भन्दै रोकेको थियो।

'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' तथा 'निजीकरण (पहिलो संशोधन) विधेयक, २०८१' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' पारित गरिएको हो।

## जसले लुटेराहरूलाई कुटीकुटी खेदाए

**सुनिता कार्की** | *काठमाडौं*

कोटेश्वरस्थित भाटभटेनी सुपर मार्केटका एक सुरक्षागार्डले लाठीले कुटेर लुटेराहरूलाई लखेटेको भिडियो अहिले सामाजिक सञ्जालमा निकै नै भाइरल छ। शुक्रबार साँझदेखि नै उक्त भिडियो भाइरल छ। ती गार्डको हिम्मतलाई सबैले सराह्रना गर्दै मन पराइरहेका छन्।

पहिले नै घोषित कार्यक्रमअनुसार चैत १५ गते राजावादीले तीनकुनेमा प्रदर्शन गरे। उता कोटेश्वरको भाटभटेनी अन्य दिन जस्तै खुल्लै थियो। राजवादीको प्रदर्शनकै कारण अन्य दिन जस्तो सो दिन ग्राहकको भीड भने थिएन। तर, करिब ३ बजेपछि एकाएक २५ जना जतिको हुलले भाटभटेनी तोडफोड गर्न लाग्यो। भाटभटेनीमा ढुंगामुढा बर्साउन थाल्यो। भवनका सिसा फुटाउनुका साथै भाटभटेनी हातामा राखिएका सवारी पनि फोड्न थाले।

प्रदर्शनकारी एकाएक आक्रामक बनेर आएपछि गार्डलगायत त्यहाँको व्यवस्थापन पछि सऱ्यो। किनकि त्यतिखेर प्रहरी प्रशासन त्यहाँ थिएन। कसैले जोखिम मोलेनन्। तोडफोडको केहीबेरमा भाटभटेनीमा लुटपाट मच्चियो। सबै सुरक्षा गार्डहरू साइड लागेर मूकदर्शक बनिरहेका थिए। तर, लुटपाट नै मच्चिन थालेपछि भाटभटेनीका गार्डमध्येका एक कृष्णप्रसाद पराजुलीले नजिकै



**चैत्र १५ गते कोटेश्वरस्थित भाटभटेनीमा लुटेराहरूलाई लाठीले हानेर भगाएर सामाजिक सञ्जालभरि भाइरल बनेका कृष्णप्रसाद पराजुली।** ● सुनिता डंगोल

रहेको लठ्ठी उठाएर त्यहाँ लुट्न आउनेलाई हान्न थाले। उनै पराजुलीले लठ्ठी नै भाँचिने गरी लुटपाटकर्तालाई हानेको र भगाएको भिडियो सामाजिक सञ्जालमा निकै भाइरल भयो। 'पहिले ढुंगामुढा गर्न थाले। सुरुमा नै सबैजना मिलेर लाठीले हान्न खोजेका थियौं। तर, उनीहरूले ढुंगामुढा गरेपछि हामी पछि सऱ्यौं। सुरुमा ज्यान जोगाउन लुकेर बस्यौं।

ढुंगामुढा भएको केहीबेरमा सबैले भाटभटेनी भित्रबाट सामान ओसार्न थाले। त्यसपछि ल भएन भनेर लठ्ठी लिएर मैले हान्न थालें,' उनले अन्नपूर्णसँग भने। अन्य साथीहरूलाई पनि लिएर आएका पराजुली आफू बाहिर बसे भने अन्य ४ जनालाई सुपरस्टोर भित्र पठाए। भित्रबाट अन्य गार्डले लठ्ठीले पिट्दै लुटपाट गर्नेलाई बाहिर निकाले भने पराजुलीले बाहिर नै भटाभट हाने। उनको लठ्ठी भाचिँदा पनि उनले लुटपाटकर्तालाई भगाउन छोडेनन्। भाँचिएको लठ्ठीले पनि २-४ जनालाई हानेर भगाएको भाइरल भिडियोमा देख्न सकिन्छ। उनका अनुसार केहीबेरमा त्यहाँ प्रहरी प्रशासन आयो र स्थिति सामान्य भयो।

भाटभटेनीमा कुल १६ सुरक्षा गार्ड छन्। जसमा पराजुलीसहित ४ गार्ड भाटभटेनीका हुन् भने बाँकी सेक्युरिटी एजेन्सीहरूबाट आएका छन्। पराजुलीले भाटभटेनी सुपरस्टोरमा सुरक्षा गार्डको काम गरेको २२ वर्ष भयो। पहिले नक्सालस्थित भाटभटेनीमा रहेका उनले कोटेश्वर शाखाको भाटभटेनीमा काम गर्न थालेको पनि १० वर्ष हुन लाग्यो। उनी त्यहाँ सुरक्षागार्डका सुपरभाइजरको रूपमा कार्यरत छन्। उनको जन्म सिन्धुपाल्चोकको बतासे गाविसमा भएको हो।

उमेरले ५० टेक्न लागेका उनको त्यो दिनको जोश २२ वर्षे ठिटो जस्तो देखिन्थ्यो। आफ्नो ज्यानको पनि पर्वाह नगरी ती लुटपाटकर्तासँग उनी भिडे। 'डराउनु त हुँदै भएन नि। डराएर झन् काम नहुने भयो। आफूले काम गरिहेको ठाउँ, रोजीरोटी दिने थलोमा लुटपाट मच्चिन थालेपछि अघि बढेको हुँ। त्यो मेरो जिम्मेवारी हो। मैले जिम्मेवारी वहन गरेको हुँ,' उनी भन्छन्।

शुक्रबारको प्रदर्शनका धेरै अराजक भिडियोहरूको बीचमा उनको भिडियोले बहादुरी र जिम्मेवारीपन इंकित गरेको छ। हेर्दाहेर्दै भाइरल पो हुनुभयो त, यस विषयमा परिवारले के भने त ? जिज्ञासा मेटाउँदै उनी मुसुक्क हाँसे र भने, 'परिवारले राम्रो काम गर्नुभयो भने।'

सोही दिन साँझ नै भवन अवलोकन गर्न आएका सुपरस्टोरका अध्यक्ष मीनबहादुर गुरुङले पनि उनको कामको प्रशंसा गर्दै उनलाई स्याबासी दिए। गुरुङले 'सुपरस्टोरको पुरानो र असल मान्छे उहाँले धेरै राम्रो काम गर्नुभयो' भनेको पराजुलीले खुसी हुँदै सुनाए। व्यवस्थापनले पनि उनको त्यो दिनको बहादुरीको सराहना गरेको उनले बताए।

कोटेश्वर भाटभटेनीमा त्यसदिन करोडौं क्षति भएको अध्यक्ष गुरुङले भन्दै आएका छन्। तर, आफ्नो ज्यानको बाजी थापेर पराजुली अघि नबढेको भए थप लुटपाट हुनेमा कुनै शंका छैन। एउटा ढुंगामात्रै लागेको भए के हुन्थ्यो तपाईंलाई ? भन्ने प्रश्नमा उनी भन्छन्, 'जोखिम त थियो। तर, त्योभन्दा बढी कर्तव्य ठूलो भयो।' लाठीले हानेर भगाउँदै गर्दा पराजुलीले ती प्रदर्शनकारी र लुटपाटकर्ता एकै हुन् या फरक हुन् भन्ने छुट्ट्याउन भने सकेनन्।